## निर्णयहरू:

निर्णय नं. १. अघील्लो बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

निर्णय नं. २. स्वास्थ्य बीमा कार्यक्रम तथा सरकारले तोकेका थप ८ प्रकारका जटिल रोगसम्बन्धी उपचार छुट सिफारिस प्रक्रियालाई प्रभावकारी बनाउन सबै स्थानीय तहहरुले आवश्यक सहजीकरण गरिदिने।

निर्णय नं. ३. आगामी निर्वाचनलाई उच्च प्राथमिकतामा राखि कार्यालय प्रमुखहरु सकेसम्म बिदा नबस्ने तथा बिदा बस्नै परे जिल्ला प्रशासन कार्यालयमा जानकारी गराएर मात्र बिदा बस्ने।

निर्णय नं. ४. कार्यालयको आर्थिक कारोबारलाई प्रचलित कानून, नियम तथा मापदण्डअनुसार पारदर्शी, मितव्ययी र समयमै सम्पन्न गर्ने तथा आर्थिक अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

निर्णय नं. ५. कार्यालयबाट संकलित सम्पूर्ण राजस्व तोकिएको समयसीमाभित्र सम्बन्धित खातामा अनिवार्य रुपमा दाखिला गरी राजस्व दाखिलासम्बन्धी अभिलेख व्यवस्थित गर्ने

प्रमुख जिल्ला अधिकारी